नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

वर्ष ४ • अंक २९५ • २०८३ साल असोज १५ गते बिहीबार • Thursday 01, October 2026 • सूर्योदय: बिहान ०५:५६ बजे • सूर्यास्त: साँझ ०५:५० बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## सामाजिक सञ्जालको दुरूपयोग रोक्न कानुनमा सुधार गरिँदै

**काठमाडौँ।**
सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सामाजिक सञ्जालबाट हुने ठगी, चरित्र हत्या, मानमर्दन तथा गलत र भ्रामक सूचना प्रवाह नियन्त्रण गर्न सरकार नीतिगत तथा कानुनी सुधारको तयारीमा रहेको बताएका छन्।
प्रतिनिधिसभाको बैठकमा सांसदहरूले विभिन्न समयमा उठाएका प्रश्नको बुधबार सदनमा जवाफ दिँदै सञ्चारमन्त्री तिमिल्सिनाले सामाजिक सञ्जालबाट हुने ठगी तथा उत्पीडनका घटना बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न सरकारले आवश्यक कदम चाल्ने बताए । उनले सामाजिक

बाँकी पृष्ठ ३ मा

# २१ करोडले घट्यो महानगरको बजेट




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाको विशेष नगरसभाले चालु आर्थिक वर्ष २०८३–८४ को बजेट संशोधन गरी २१ करोड रुपैयाँ घटाएको छ । बुधबार आयोजित महानगरपालिकाको २१ औँ विशेष नगरसभामा मेयर राजेशमान सिंहले बजेट संशोधन प्रस्ताव प्रस्तुत गरेका हुन्।
यसअघि महानगरका मेयर सिंह निलम्बनमा रहेका बेला १० असारमा कार्यबाहक मेयर इम्तियाज आलमको सभाध्यक्षतामा सम्पन्न २० औँ नगरसभाले चालू आर्थिक वर्षका लागि चार अर्ब ४२ करोड ३४ लाख ६९ हजार रुपैयाँको बजेट ल्याएको थियो । विशेष अदालतबाट सफाइ पाएर आफ्नो कार्यभार सम्हालेका मेयर सिंहले बजेटमा संशोधन गरी चार अर्ब २१ करोड ३४ लाख ६९ हजारको बजेट ल्याएका हुन्।
यसअघि स्रोत विनाको बजेट बनाइएको र नगरबासीको असन्तुष्टि रहेको हुँदा संशोधन गर्नु परेको मेयर सिंहको सचिवालयको भनाइ छ। सम्पन्न विशेष नगरसभामा सहभागी नहुन नेपाली कांग्रेसले आफ्ना जनप्रतिनिधिहरूलाई ह्वीप जारी गरेको भए पनि अन्य पक्षका जनप्रतिनिधिको सहभागितामा सभामा बहुमत पुगेको छ।
यसैबीच वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले घण्टाघर नजिक निर्माणाधिन बिपी पार्क यही वर्षभित्रै सञ्चालनमा ल्याइने बताएका छन् । बुधबार आयोजित महानगरपालिकाको २१ औँ विशेष नगरसभामा चालू आर्थिक वर्षको संशोधित बजेट प्रस्तुत गर्ने क्रममा मेयर सिंहले निर्माणाधिन बिपी उद्यान पार्कमा वाक–वे, बाल उद्यान, ज्येष्ठ नागरिक विश्राम केन्द्र तथा हरियाली विस्तार गर्दै सुरक्षित, प्रविधिमैत्री र पर्यटकीय आकर्षणको केन्द्रका रूपमा विकास गरी यही आर्थिक वर्षभित्रै सञ्चालनमा ल्याइने बताए। यस्तै मेयर सिंहले महानगरवासीको सुविधाका लागि वीरगंज महानगर क्षेत्रमा निजी क्षेत्रसँगको सहकार्यमा नगर बस सेवा सञ्चालन गरिने बताए।

# देश गम्भीर संकटमा गुज्रिरहेको छः प्रचण्ड




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कम्युनिस्ट पार्टी (नेकपा) पर्साको एकता भेला तथा प्रशिक्षण कार्यक्रम बुधबार वीरगंज नगर सभागृहमा भएको छ।
पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले संयुक्त रुपमा कार्यक्रम उद्घाटन गरे।
कार्यक्रममा प्रचण्डले देश अहिले गम्भीर संकटबाट गुज्रिरहेको बताए । वीरगंजस्थित नगरसभा गृहमा नेपाली कम्युनिष्ट पार्टी, पर्साले गरेको एकता भेला तथा शपथग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका दाहालले देश अहिले विचारविहीन समूहको हातमा पुगेको दाबी गरे। उनले लोकतन्त्र, संघीयता र गणतन्त्रमाथि ठूलो खतरा उत्पन्न भएको बताए।
कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पार्टी थप विशाल बन्दै गएको दाबी गर्दै एकता नै पार्टीको सबैभन्दा ठूलो शक्ति भएको बताए। उनले आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै सबै मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए।
यसैबीच, वीरगंज उद्योग वाणिज्य सङ्घले पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल ‘प्रचण्ड’ र माधवकुमार नेपालसँग उद्योगी–व्यवसायीले भोग्दै आएका समस्या तथा चुनौतीका विषयमा छलफल गरेको छ।
सङ्घका अध्यक्ष हरिप्रसाद गौतमको सभापतित्वमा वीरगंजस्थित टाउनहलमा आयोजित भेटघाट तथा छलफल कार्यक्रममा उद्योग तथा व्यापार क्षेत्रका समस्या र समाधानका उपायबारे चर्चा गरिएको थियो।
कार्यक्रममा अध्यक्ष गौतमले उद्योगी–व्यवसायीले लामो समयदेखि भोग्दै आएका विभिन्न समस्या तथा चुनौतीबारे जानकारी गराउँदै उधारो कारोबारसम्बन्धी कानुन निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने विषय प्राथमिकताका साथ उठाएका थिए। त्यस्तै, कबाडी कर, सवारी कर लगायतका विषयमा समेत उद्योगी–व्यवसायीले भोग्दै आएका समस्याबारे जानकारी गराउँदै समाधानका लागि आवश्यक पहल गर्न आग्रह गरिएको थियो।

# गुठीको लापरबाहीले संस्कृत विद्यालयको ६ करोड बजेट गुम्ने जोखिम



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयको जग्गाको लालपुर्जा नहुँदा संघीय सरकारले विद्यालयको भौतिक संरचना निर्माणका लागि उपलब्ध गराउने भनिएको ६ करोड रुपैयाँ बजेट कार्यान्वयनमा समस्या देखिएको छ । विद्यालयको जग्गा स्वामित्वसम्बन्धी कागजात गुठी संस्थानका कारण अल्झिएपछि बजेट गुम्ने स्थिति आएको आरोप लगाइएको छ।
विद्यालयका प्रधानाध्यापक सञ्जय झाले विद्यालयसँग जग्गाको लालपुर्जा नभए पनि जग्गासम्बन्धी पुराना अभिलेख तथा निर्णयहरू रहेको बताए । ती अभिलेखका आधारमा विद्यालयको नाममा जग्गाधनी पुर्जा उपलब्ध गराउने प्रक्रिया अघि बढाउन गुठी संस्थानलाई पटक–पटक आग्रह गरे पनि आवश्यक प्रक्रिया अघि नबढेको उनको भनाइ छ।
पुराना अभिलेखमा विद्यालयलाई जग्गाधनी पुर्जा उपलब्ध गराउने विषय उल्लेख रहेको र सोही आधारमा गुठी संस्थानले मालपोत कार्यालयसँग पत्राचारसमेत गरेको झाले बताए । मालपोत कार्यालयले माग गरेका आवश्यक

बाँकी पृष्ठ ३ मा

# स्वास्थ्य क्षेत्र सुधारको १५ दिने अल्टिमेटम सकियो, सरकारबाट ठोस प्रतिक्रिया आएन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा देखिएका समस्या सुधारको माग गर्दै मधेश युवा सञ्जालले प्रदेश सरकारलाई दिएको १५ दिने अल्टिमेटम सकिए पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ठोस प्रतिक्रिया नआएको जनाएको छ।
सञ्जालले स्वास्थ्य क्षेत्र सुधारका लागि १३ बुँदे माग राख्दै गत भदौ ३० गते प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएको थियो। माग सम्बोधनको प्रक्रिया अघि बढाउन, स्वास्थ्य क्षेत्रमा भएका विभिन्न घटनाको छानबिन गर्न र सुधारको कार्ययोजना सार्वजनिक गर्न सञ्जालले १५ दिनको समय दिएको थियो।
तोकिएको समयसीमा सकिएपछि सञ्जालका प्रतिनिधि बुधबार पुनः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पुगेका थिए । आफ्ना मागबारे ध्यानाकर्षण गराए पनि स्वास्थ्य मन्त्री र मन्त्रालयका सचिव दुवै उपस्थित नभएको सञ्जालले जनाएको छ। मन्त्री र सचिवसँग भेट हुन नसकेपछि अबको कदमबारे छलफल भइरहेको र आन्दोलनलाई थप प्रभावकारी

बाँकी पृष्ठ ३ मा



## सम्पादकीय

# महानगरको बजेट संशोधन र कांग्रेसको असहमति

वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्षको बजेटमा २१ करोड रुपैयाँ कटौति गर्ने निर्णय गरेपछि स्थानीय राजनीति तरंगित बनेको छ । स्थानीय तहको नीति तथा बजेट कार्यान्वयनको चरणमा बजेट घटाउनुपर्ने परिस्थिति आउनु आफैँमा आर्थिक व्यवस्थापनको चुनौती हो भने यसले जनप्रतिनिधिहरूबीच गहिरो मतभेद पनि सतहमा ल्याएको छ। महानगरको यस संशोधन निर्णयप्रति नेपाली कांग्रेसका जनप्रतिनिधिहरूले तीव्र असन्तुष्टि र विरोध जनाएपछि कार्यपालिका बैठक र नगरसभाको वातावरण समेत तनावग्रस्त बनेको छ।

महानगरपालिकाका अनुसार बजेट घटाउनुपर्ने मुख्य कारक आन्तरिक राजस्व असुलीमा आएको गिरावट तथा संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौति हो । सुरुमा बजेट ल्याउँदा वास्तविक स्रोत र साधनको सही आकलन नगरी महत्वाकांक्षी र काल्पनिक आय अनुमान गरिँदा पछि आर्थिक दबाब पर्नु स्वाभाविक नै हुन्छ । सिलिङ घटाएर वास्तविक वित्तीय क्षमता अनुसार बजेट समायोजन गर्नु आर्थिक अनुशासनका दृष्टिकोणले सकारात्मक मानिए पनि पूर्वतयारी र पर्याप्त गृहकार्यविना गरिएको यस्तो कटौतीले बजेट निर्माण प्रक्रियाको अपरिपक्वता उजागर गरेको छ।

यस निर्णयको विरोधमा उत्रिएका नेपाली कांग्रेसका जनप्रतिनिधिहरूको मुख्य गुनासो भने पारदर्शी र समावेशी प्रक्रिया अपनाइएन भन्नेमा छ। बजेट कटौति गर्दा कुनै निश्चित क्षेत्र वा वडालाई लक्षित गरी विभेदकारी व्यवहार गरिएको, वडास्तरका साना तर प्रत्यक्ष जनसरोकारका विकास निर्माणका योजनामा बजेट सुकाइएको र निर्णय प्रक्रियामा एकलौटीपन देखाइएको आरोप उनीहरूको छ । सर्वदलीय सहमति र पूर्वछलफलविना एक्कासि २१ करोड बजेट घटाउँदा जनउत्तरदायित्व पूरा गर्न कठिन हुने र स्थानीय तहमा विकासको सन्तुलन बिग्रिने उनीहरूको तर्क छ।

स्थानीय सरकारको सफलता दलीय खिचातानी र अहम्भन्दा माथि उठेर हुने संवाद र सहकार्यमा निर्भर हुन्छ। बजेट संशोधन प्राविधिक विषय मात्र नभई जनसरोकार र स्थानीय राजनीतिको संवेदनशील पक्ष पनि हो।

कार्यपालिकामा बहुमत वा अल्पमतको बलमा एकपक्षीय निर्णय लाद्न खोज्दा वा विपक्षी दलका जनप्रतिनिधिका आवाजलाई बेवास्ता गर्दा महानगरको दैनिक कार्यसम्पादन नै प्रभावित हुन पुग्छ। जनप्रतिनिधिहरूबीच बढेको अविश्वासले अन्ततः विकास निर्माणका कामलाई सुस्त बनाउने र नागरिकले पाउने सेवा प्रवाहमा व्यवधान खडा गर्ने जोखिम रहन्छ।

तसर्थ, वीरगंज महानगरपालिका नेतृत्वले वित्तीय अनुशासन कायम राख्दै राजनीतिक सहमति निर्माणमा अविलम्ब पहल गर्नुपर्छ।

बजेट समायोजन गर्दा कुन योजना किन कटौती गरियो भन्ने स्पष्ट र वस्तुगत आधार नागरिक तथा जनप्रतिनिधिसमक्ष प्रस्तुत गरिनुपर्छ । विरोधलाई टकरावको विषय बनाउनुभन्दा संवादमार्फत वडास्तरीय प्राथमिकता निर्धारण गर्दै सन्तुलित बजेट व्यवस्थापन गर्नु नै वर्तमान समस्याको निकास हो । जनप्रतिनिधिहरूले पनि राजनीतिक श्रेय वा विरोधका लागि मात्र नभई महानगरको समग्र विकास र जनहितलाई केन्द्रमा राखेर समाधानको बाटो पहिल्याउनु आवश्यक छ।

# चीनसँग जोड्ने तीनवटै नाका बन्द हुँदा वैदेशिक व्यापार प्रभावित

–हिमाल लम्साल÷रासस

भदौ १० गते भोटेकोशीमा गएको बाढीले रसुवा नाकामा पर्ने नेपाल र छिमेकी मुलुक चीनको भन्सारसँग जोडिएका धेरै संरचना क्षतिग्रस्त हुँदा ठूलो मानवीय र भौतिक क्षति पुर्याएको छ । दुवै मुलुकतर्फको सीमावर्ती क्षेत्रमा अत्यधिक क्षति भएकाले पनि नेपाल र चीन जोड्ने 'लाइफलाइन' का रुपमा चिनिएको रसुवा नाका तत्कालै सञ्चालन हुने सम्भावना निकै कम हुँदा दुवै मु ुलुकका नागरिकको आवतजावत मात्रै नभएर वैदेशिक व्यापार पनि ठप्पै भएको छ।

बाढीले दुवैतर्फको सडक, पुल, भन्सार प्रशासनसँग जोडिका महत्वपूर्ण सबै खालका पूर्वाधार ध्वस्त पारेकाले पनि तत्कालै यो नाका तत्काल पुनर्निर्माण गरेर सञ्चालन गर्न पनि भौगौलिक रुपमा मात्रै नभएर व्यावहारिक रुपमा पनि जटिल रहेको छ । अर्कोतर्फ भोटेकोशीमा गएको बाढीसँगै तातोपानी नाका पनि केही समयदेखि अवरुद्ध हुँदै आइरहेको छ।

छिमेकी मुलुक चीनसँग सडकमार्गबाट जोडिएका रसुवा र तातोपानी नाका मात्रै अवरुद्ध भएको छैन। यसअघि सञ्चालन हुँदै आइरहेको मुस्ताङको कोरला नाका पनि यही असोज ८ देखि ११ गतेसम्म लगातार आएको बाढीपहिरोका कारणले विभिन्न ठाउँमा सडक तथा पुललगायतका संरचनामा क्षति भएपछि अहिले ठप्प छ । नेपालीहरुको चाडपर्व दसैँ, तिहार, छठलगायतका पर्व घरआँगनमा आइपुग्नै लाग्दा चीनसँग जोडिएका तीनवटै प्रमुख नाकाहरु अवरुद्ध हुँदा एकातर्फ दुवै मुलुकबीच हुने वैदेशिक व्यापार ठप्प जस्तै भएको छ । अर्कोतर्फ चाडपर्व लक्षित गरेर ल्याएका सरसमान पनि छिमेकी मुलुक चीनतर्फ नै रोकिएका छन्।

नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक श्रेष्ठले चीनसँग जोडिएका तीनवटै मुख्य नाका ठप्प हुँदा दुवै मुलुकबीच हुने आयात–निर्यात ठप्प भएको बताउनुभयो। 'यही भदौ १० गते भोटेकोशीमा गएको बाढीले रसुवा नाकाको तहसनहस नै बनायो। जसका कारणले सो नाका कहिले सञ्चालनमा आउने कुनै टुङ्गो छैन,' उनले भन्नुभयो, 'भोटेकोशीमा बाढी आएको केही समयमै चिनियाँ पक्षले तातोपानी नाकाबाट पनि आयात निर्यात ठप्प पारेपछि चीनसँगको मुख्य नाका पूरै ठप्पै जस्तो छ।'

उनले चाडपर्वलाई लक्षित गरेर चीनबाट ल्याउन लागेका वस्तु तथा सरसमान उतै रोकिँदा व्यवसायी तथा व्यापारी चर्का े मारमा परेको गुनासो गर्नुभयो । 'व्यापारीले ऋणधन गरेर चीनबाट आयात गर्नुभएको वस्तु तथा समान चिनिया भूमिमा नै रोकिएका छन्। यसले व्यापारीहरुको ऋणको भार बढी रहेको छ भने अर्का ेतर्फ सरसमान कहिले आउने भन्ने अनिश्चित कायमै छ,' उनले भन्नुभयो, 'सरकारले चीन सरकारसँग कूटनीतिक पहलकदमी गरेर तत्कालै नाका तातोपानी नाका खुलाउने प्रयास गर्न जरुरत भइसकेको छ।'

रसुवा नाका र तातोपानी नाका अवरुद्ध भएसँगै पछिल्लो समय मुस्ताङको कोरला नाका हुँदै चीनतर्फबाट वस्तु तथा सरसामान आयात र निर्यात हुँदै आइरहेको थियो तर यही असोज ८ देखि ११ गतेसम्मको लगातारको वर्षात्का कारणले कालीगण्डकी कोरिडोर आसपासमा सडक तथा पुललगायतका संरचनामा क्षतिग्रत बनाएपछि अहिले कोरला नाका हुँदै हुने वैदेशिक व्यापार पनि रोकिएको छ।

नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका महासचिव रामचन्द्र पराजुलीले चीनसँग जोडिएका मुख्य लाइफलाइनका रुपमा चिनिने रसुवा, तातोपानी र कोरला नाका अवरुद्ध हुँदा चीनसँग हुने वैदेशिक व्यापार चौपट भएको बताउनुभयो। 'अहिले त चीनसँग जोडिएका मुख्य सडकमार्गको पहुँच नै टुटेको छ,' उनले भन्नुभयो, 'भोटेकोशीमा गएको बाढीपहिरो पछि रसुवा र तातोपानी नाकाबाट कोरला नाकातर्फबाट ल्याउन खोजिएका करिब ७०० भन्दा धेरै कन्टेनर सडक अवरुद्ध भएकाले चीनको भूमिका रोकिएका छन्।'

सङ्घका महासचिव पराजुलीले चीनतर्फबाट आयात गरेर ल्याउन लागिएका करिब रु पाँच अर्ब रकम पर्ने वस्तु तथा सामान चिनियाँ नाकामा रोकिएको दाबी गर्नुभयो । 'नेपाल सरकारले चीनसरकारसँग पर्याप्तमात्रामा कूटनीतिक पहलकदमी गरेर तातोपानी नाका खुलाउने प्रयास गर्नुपर्ने बेला भइसक्यो। जति ढिलो भयो, त्यति नै ठूलो असर पर्नेछ,' उनले भन्नुभयो, 'कोरला नाकातर्फ पनि विभिन्न स्थानमा सडक र पुललगायतका संरचनामा क्षति भएकाले पनि सरकारले तत्कालै सडक तथा पुल मर्मतसम्भार गरेर सञ्चालन गर्न आवश्यक छ।'

**यस्तो छ मुख्य नाकाको वैदेशिक व्यापार**

भन्सार विभागका अनुसार आव २०८२/८२ मा रसुवा भन्सार नाका हुँदै रु ४५ अर्ब ७३ करोड ८२ लाख ६४ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो। सो आवमा कुल आयातमध्ये यो भन्सारको हिस्सा भने दुई दशमलव १८ प्रतिशत छ । त्यस्तै सोही आवमा रसुवा भन्सार हुँदै रु ८९ करोड ४६ लाख एक हजार मूल्यपर्ने वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो । आव २०८१÷८२ मा रसुवा भन्सार हँ ुदै रु ८५ अर्ब २३ करोड २३ लाख ६० करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएका थियो । सो आवमा कुल आयातमध्ये उक्त भन्सार नाकाको आयातको हिस्सा भने चार दशमलव ७२ प्रतिशत छ । त्यस्तै यो नाका हुँदै सो आवमा रु दुई अर्ब चार करोड ५२ लाख ६१ हजार मूल्यपर्ने वस्तु तथा सामान निर्यात भयो।

रसुवा नाका मात्रै नभएर चीनसँग सडकमार्गबाट जोडिएको तातोपानी भन्सार नाकाबाट पनि आयात निर्यात हुँदै आइरहेको छ । भन्सार विभागका अनुसार आव २०८२/८३ मा तातोपानी नाका हुँदै रु ४७ अर्ब ४८ करोड ६१ लाख १८ हजार मूल्यपर्ने वस्तु तथा सामान नेपाल भित्रिएको छ। नेपाल भर हुने कुल आयातमध्ये यो नाकाको हिस्सा भने दुई दशमलव २७ प्रतिशत छ। सो आवमा यो नाका हुँदै हुने निर्यात भेन नगण्य रहेको छ।

त्यसैगरी आव २०८१÷८२ मा यो नाकाबाट रु ५० अर्ब ३९ करोड ५८ लाख ६२ हजार मूल्यपर्ने वस्तु तथा सामान आयात भयो। यो आवमा कुल निर्यातमध्ये यो नाकाको हिस्सा भने दुई दशमलव ७९ प्रतिशत छ। त्यस्तै यो नाका हुँदै निर्यात भने शून्य जस्तै छ। आव २०८२÷८३ मा मुस्ताङ नाका हुँदै १४ अर्ब ४० करोड ६७ लाख २८ हजार मूल्यपर्ने वस्तु तथा सामान भित्रिएको छ। कुल आयातमध्ये यो नाकाको हिस्सा शून्य दशमलव ६९ प्रतिशत छ। सो आवमा यो नाका हुँदै २० करोड ५५ लाख ७५ हजार मूल्यपर्ने वस्तु तथा सामान निर्यात भएको छ । निर्यातमा यो नाकाको हिस्सा भने शून्य दशमलव ०७ प्रतिशत मात्रै छ।

पूर्वाधार विकासमन्त्री सुनील लम्साललले यही असोज ९ गते नेपालका लागि चिनिया राजदूत वाङ माओमिङसँग भेटघाट गर्दै रसुवामा बाढीबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण तथा विकास र रसुवागढी केरुङ नाका पुनः सञ्चालन लगायतको विषयमा चीन सरकारकोतर्फबाट आवश्यक सहयोग गर्न अनुरोध गर्नुभएको छ । करिब छ लाख ५० हजारभन्दा धेरै नेपाली नागरिकसँग जोडिएको छ । मन्त्री लम्साललले तातोपानी र कोरला नाकालगायत जतिसक्दो छिटो सञ्चालनका लागि आवश्यक पहल कदमी गरिदिनका लागि चिनियाँ पक्षसँग अनुरोध गर्नुभएको छ।

मन्त्री लम्साललले करिब छ लाख नेपाली नागरिकको राज्यसँगको सम्पर्क तथा सहज आवतजावत र कोरला तथा तातोपानी नाकाको प्रभावकारी सञ्चालनलगायत विषयमा चीन सरकारबाट आवश्यक समन्वय गर्नका लागि आह्वान गर्नुभएको छ। चिनियाँ राजदूत वाङ माओमिङले नेपालको प्रमुख व्यापारिक केन्द्रका रूपमा रहेको रसुवागढी नाकाको पुनर्निर्माण तथा सञ्चालनका लागि विशेष अध्ययन गरी दीर्घकालीन र प्रभावकारी पूर्वाधार निर्माण गर्न सकिने बताउनुभयो । राजदूत वाङले कोरला र तातोपानी नाका सञ्चालनका लागि चीन सरकार सकारात्मक रहेको जानकारी दिँदै रसुवागढी नाकाको पुनर्निर्माण तथा सञ्चालनका सम्बन्धमा नेपाल सरकारले विशेष प्रस्ताव पठाएमा आवश्यक समन्वय र सहयोगका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

# ऊर्जा संरचना पुनर्निर्माणमा तीन खर्ब ९० अर्ब लाग्ने प्रारम्भिक अनुमान

–प्रगति ढकाल÷रासस

भोटेकोशी र त्रिशूली बाढीबाट क्षतिभएका जलविद्युत् आयोजना पुनःनिर्माणमा करिब रु तनि खर्ब ९० अर्बसम्म खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार, जलवायु परिवर्तनका कारण पछिल्लो समय नेपालमा मौसमी तथा जलवायुजन्य विपद्का घटना वृद्धि भई त्यसको ठूलो प्रभाव ऊर्जा र जलस्रोत क्षेत्रमा परेको छ । जलवायुजन्य विपद्बाट ऊर्जा क्षेत्रमा ठूलो असर परेको जनाउँदै मन्त्रालयले त्यसप्रति चिन्तासमेत व्यक्त गरेको छ।

मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यले प्रारम्भिक अनुमानमा बाढीबाट प्रभावित ऊर्जा संरचनाको लगानी मूल्य करिब रु एक खर्ब २४ अर्ब रहेको भए पनि पुनर्निर्माणका क्रममा संरचनागत परिवर्तन, मूल्यवृद्धि तथा नदीको सतह बढेकाले करिब रु तीन तीन खर्ब ९० अर्बसम्म खर्च लाग्ने अनुमान गरिएको जानकारी दिनुभयो।

'भोटेकोशी–त्रिशूली बाढीबाट ऊर्जा क्षेत्रमा ठूलो क्षति पुगेको छ। बाढीका कारण करिब ४३० मेगावाट विद्युत् उत्पादन क्षमताका आयोजना सेवाबाट बाहिरिएका छन्,' उनले भन्नुभयो, 'नेपालको हालको जडित विद्युत् क्षमता करिब तीन हजार ३०० मेगावाट छ । बाढीबाट बाहिरिएको विद्युत् क्षमता कुल जडित क्षमताको करिब १० प्रतिशत छ। '

निर्माणाधीनमध्ये ७५९ मेगावाट क्षमताका आयोजना समेत प्रभावित भएको उनले जानकारी दिनुभयो । चिलिमे केन्द्र तथा त्रिशूलीमा रहेको '३ बी' केन्द्र स्टेसन पूर्ण रूपमा बाढीले बगाउँदा विद्युत् प्रसारणमा समस्या भएको सहसचिव आचार्यको भनाइ छ । 'प्लान्टमा क्षति नपुगे पनि 'हब' स्टेसन नै बगेका कारण उत्पादन भएको करिब १७६ मेगावाट विद्युत् अहिले स्थानान्तरण गर्न सकिएको छैन,' उनले भन्नुभयो।

सहसचिव आचार्यले गत भदौ १० गते भोटेकोशी–त्रिशूली बाढीलाई पछिल्लो समय नेपालले सामना गरेको ठूलो ऐतिहासिक विपद्का रूपमा उल्लेख गर्नुभयो। त्यस्तै, सन् २०२४ मा सोलुखुम्बुको थामेमा हिमताल पग्लिएर भएको बाढी तथा सन् २०२५ मा भोटेकोशी क्षेत्रको बाढीलेसमेत ठूलो क्षति पु¥याएको उनले स्मरण गराउनुभयो।

'पछिल्ला पाँच–सात वर्षमा हरेक वर्षजसो प्रकृतिसँग जोडिएका ठूला र धेरै घटना भइरहेका छन्,' उनले भन्नुभयो, 'तापक्रम बढेका कारण जमेर बसेका हिउँको अवस्था अस्थिर हुने र वर्षौंदेखि जम्मा भएका हिमनदी तथा हिमसम्बन्धी संरचनामा असर पर्दा त्यसबाट तल्लो तटीय क्षेत्रमा श्रृंखलाबद्ध विपद् निम्तिने जोखिम बढेको छ।'

नेपालमा जोखिमयुक्त २१ वटा, चीनको तिब्बतीय क्षेत्रमा २५ वटा र भारतमा एउटा गरी ४७ वटा हिमताल छन् । तीमध्ये केही नेपालका नदी प्रणालीमा असर पार्ने डाउनस्ट्रिम क्षेत्रमा रहेकाले तिनबाट हुने सम्भावित क्षतिको जोखिम नेपालले समेत व्यहोर्नुपर्ने उनको भनाइ छ। बाढीका कारण सिँचाइतर्फ पनि ठूलो क्षति पुगेको छ । विभिन्न जिल्लामा कुलो तथा सिँचाइ संरचनासहित करिब रु डेढ अर्बभन्दा बढीको क्षति भएको मन्त्रालयको प्रारम्भिक अनुमान छ।

सहसचिव आचार्यका अनुसार जलवायु परिवर्तनका कारण नेपालका पहाड, तराई तथा मधेसलगायत सबै क्षेत्रमा फरकफरक किसिमका असर देखिन थालेका छन्। कतै अतिवृष्टि र बाढीपहिरो, कतै खडेरी तथा तापक्रम वृद्धिका कारण कृषि क्षेत्रमा असर र रोग कीरा बढ्ने समस्या देखिएको छ।

विभिन्न अध्ययनले नेपालको ८० प्रतिशतभन्दा बढी जनसंख्या जलवायु परिवर्तनबाट प्रभावित रहेको देखाएको छ। उनले भन्नुभयो, 'पछिल्लो समय असोजमा अत्यधिक वर्षा हुनेक्रम बढेको छ, केही वर्षयता मनसुनको अन्तिम चरणमा अत्यधिक वर्षा हुने प्रवृत्ति देखिएकोछ।'

उनका अनुसार यही असोज ८ देखि ११ गतेसम्म परेको वर्षाका कारण मात्रै २७ जनाको मृत्यु भएको र एक हजार ८२ जना घाइते भएका थिए । सहसचिव आचार्यले उक्त अवधिमा ३०४ वटा पहिरो र ८७ वटा बाढीका घटना भएको जानकारी दिँदै यस्ता घटना जलवायु परिवर्तनसँग जोडिएको बताउनुभयो । उनले भन्नुभयो, 'सामान्य अवधिको तुलनामा सेप्टेम्बरमा बाढी र वर्षाको प्याटर्न नै परिवर्तन भइरहेको जस्तो देखिन्छ।'

जलवायुका कारण ऊर्जा लक्ष्यमा चुनौती

सहसचिव आचार्यले राष्ट्रिय निर्धारित योगदान (एनडिसी)–३ अन्तर्गत सन् २०३० सम्म १४ हजार मेगावाट र सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन क्षमता पु¥याउने लक्ष्य रहेको जानकारी दिनुभयो । उनले भोटेकोशी–त्रिशूली बाढीका कारण केही उत्पादन क्षमता सेवाबाट बाहिरिएको बताउनुभयो। निर्माणाधीन तथा तयारी अवस्थाका आयोजनाको ठूलो सङ्ख्या रहेको उल्लेख गर्दै सहसचिव आचार्यले विद्युत् उत्पादन बढ्दै गए पनि आन्तरिक खपत विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

'उत्पादन बढिरहेको छ तर आन्तरिक खपत बढाउनुपर्ने आवश्यकता छ,' सहसचिव आचार्यले भन्नुभयो, 'आन्तरिक बजार विस्तार गर्नसके अर्थतन्त्र विस्तारका लागि अवसर सिर्जना हुन्छ।'

उनका अनुसार वर्षायाममा नेपालमा विद्युत् उत्पादन उच्च हुने भए पनि हिउँदमा नदीमा पानीको बहाव घट्दा जडित क्षमताको करिब २५ देखि ३३ प्रतिशत मात्र उत्पादन हुन्छ। त्यसबाट हामीलाई जलाशययुक्त आयोजना आवश्यक रहेको देखाउँछ । सौर्य ऊर्जाको प्रयोग पनि विस्तारै दीर्घकालीन रुपमा सञ्चालन गर्दै मर्मत तथा प्रतिस्थापनको विषयमा ध्यान पु¥याउनपर्छ।

उनले भन्नुभयो, 'हाम्रो आफ्नै राष्ट्रिय प्रसारण प्रणाली देशभर विस्तार भइसकेको छ। त्यसैले स्वच्छ ऊर्जाको प्रयोग बढाउँदै आन्तरिक विद्युत् बजार विस्तार गर्नुपर्छ।'

**जलवायु योजनाको कार्यान्वयनमा वित्तीय चुनौती**

जलवायु परिवर्तनसँग सम्बन्धित योजना तथा लक्ष्य कार्यान्वयनमा मुख्य चुनौती वित्तीय स्रोतको छ। सहसचिव आचार्यका अनुसार नेपालको तेस्रो राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी–३)लगायतका योजनामा ठूलो रकम आवश्यक पर्ने भए पनि अधिकांश वित्तीय आवश्यकता सशर्त सहयोगमा निर्भर छ । 'योजना राम्रो बनेका छन्, आवश्यकता पहिचान भएका छन् । तर वित्तीय स्रोतको सुनिश्चितता नभएसम्म ती योजना कार्यान्वयन गर्न कठिन हुन्छ,' सहसचिव आचार्यले भन्नुभयो।

उनले ऊर्जा तथा जलस्रोत क्षेत्रमा पनि जलवायु परिवर्तनसँग जुध्न आवश्यक कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । नेपालमा विद्युत् उत्पादन तथा आयोजना निर्माणका लागि ठूलो सम्भावना छ । अध्ययन पूरा गरी वित्तीय व्यवस्थापनको तयारीमा रहेका आयोजनाको क्षमता पनि ठूलो रहेको मन्त्रालयको भनाइ छ।

आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीमा हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रको ३१औँ सम्मेलनमा जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेका विपद्, ऊर्जा तथा जलस्रोत क्षेत्रमा परेको प्रभाव र जलवायु वित्तको आवश्यकतालाई प्रभावकारी रूपमा उठाइने मन्त्रालयको भनाइ छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका नायब कार्यकारी निर्देशक नारायण अधिकारीले जलवायुजन्य विपद्का कारण दुर्गम क्षेत्रमा निर्माण भएका लघु तथा साना जलविद्युत् आयोजनाका संरचनामा क्षति पुग्ने गरेको बताउनुभयो । हुम्ला, डोल्पा तथा गोरखाको चुमनुब्रीलगायत क्षेत्रबाट विद्युत् संरचना मर्मत तथा पुनःस्थापनाका लागि माग आइरहेको भए पनि आवश्यक बजेटको अभाव रहेको उनले बताउनुभयो।

'प्राविधिक हिसाबले हामी सक्छौँ, तर बजेट छैन,' उनले भन्नुभयो, 'बजेटको व्यवस्था भए ती क्षेत्रमा तत्कालै प्रक्रिया सुरु गरी विद्युतीकरणलाई सञ्चालन गर्न सकिन्छ।'

# कांग्रेस पर्सामा पहिरो:
## जिल्ला सदस्यसहित २७ जनाले छाडे पार्टी

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेस पर्सामा जिल्ला सदस्य हिरालाल कानुसहित २७ जना नेता–कार्यकर्ताले सामूहिक रूपमा पार्टी परित्याग गरेका छन्। कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत पर्सा निर्वाचन क्षेत्र नम्बर २ मा क्षेत्रीय कार्यसमिति र महाधिवेशन प्रतिनिधि चयन प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै उनीहरूले कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका हुन् । राजीनामा दिनेमा कांग्रेस जिल्ला सदस्य कानुसहित वीरगंज महानगरपालिका–१० का सोनाल गुप्ता, वीरेन्द्र साह कानु, तिलक साह कानु, लक्ष्मण कानु, दीपक साह कानु, डा. जयकुमार गुप्ता, डा. राजकुमार गुप्ता, अनिता देवी गुप्ता, काजल कुमारी, भरत साह कानु, मुनिलाल साह कानु, सञ्जय चौधरी, रोहित चौधरी र सरोजकुमार साहलगायत २७ जना छन्।



कांग्रेस पर्साका सभापतिलाई सम्बोधन गर्दै बुधबार बुझाइएको सामूहिक राजीनामा पत्रमा पार्टीभित्र पछिल्लो समय देखिएका समस्या समाधान गर्नुको साटो लामो समयदेखि प्रभाव जमाउँदै आएका केही नेताहरूमा नातावाद, कृपावाद र 'झोले प्रवृत्ति' बढ्दै गएको आरोप लगाइएको छ। कांग्रेसमा २०४६ सालदेखि आबद्ध कानु यसअघि दुई पटक बुथ सभापतिसमेत भइसकेका छन्। २०५४ सालको स्थानीय तह निर्वाचनमा उनी कांग्रेसबाट वडा सदस्यमा समेत निर्वाचित भएका थिए।

आफूहरूले लामो समयदेखि पार्टीमा योगदान गर्दै आए पनि पछिल्लो अधिवेशन प्रक्रियामा उचित मूल्यांकन नभएको कानुको भनाइ छ । उनका अनुसार पार्टीभित्र देखिएका विकृति सुधार गर्ने प्रयास हुनुको सट्टा केही नेताहरूले आफन्त र निकट व्यक्तिलाई प्राथमिकता दिने प्रवृत्ति बढेको छ। आसन्न १५औँ महाधिवेशनअन्तर्गत पर्सा क्षेत्र नम्बर २ मा मंगलबार क्षेत्रीय कार्यसमिति तथा महाधिवेशन प्रतिनिधि चयनका क्रममा केही नेताहरूले कोठाभित्र बसेर आफ्ना आफन्त र आसेपासेलाई मनोनयन गरेको आरोप राजीनामा दिने नेता–कार्यकर्ताले लगाएका छन्। उनीहरूले सोही प्रक्रियाप्रति असहमति जनाउँदै पार्टीको साधारण सदस्यसमेत नरहने गरी सामूहिक राजीनामा दिएको बताएका छन् । अधिवेशन प्रतिनिधि तथा क्षेत्रीय कार्यसमिति चयनमा पारदर्शिता र सहभागिताको माग उठाउँदै आएका उनीहरूले प्रक्रिया आफूहरूको अपेक्षाविपरीत गएको आरोप लगाएका छन् । सामूहिक राजीनामाले कांग्रेस पर्साको क्षेत्र नम्बर २ मा अधिवेशन प्रक्रियालाई लिएर देखिएको आन्तरिक असन्तुष्टि सतहमा ल्याएको छ। अब पार्टी नेतृत्वले राजीनामा दिने नेता–कार्यकर्ताको असन्तुष्टि कसरी सम्बोधन गर्छ भन्ने विषयसमेत चासोको बनेको छ।

# विषादीरहित तरकारी उत्पादनबारे सडक नाटकमार्फत जनचेतना



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको भंगहा नगरपालिकाका विभिन्न स्थानमा सुरक्षित खाद्य तथा तरकारी उत्पादनसम्बन्धी जनचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ । गुड नेबर्स इन्टरनेसनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग, दलित समाज उत्थान समिति नेपालको सहजीकरण तथा भंगहा नगरपालिकाको समन्वयमा सञ्चालित एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत नगरपालिकाका पाँच स्थानमा सडक नाटक प्रदर्शन गरिएको हो।
सडक नाटकमार्फत किसान तथा उपभोक्तालाई तरकारी उत्पादनमा जथाभावी विषादी प्रयोग गर्दा मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने नकारात्मक असरबारे जानकारी गराइएको थियो । विषादीयुक्त तरकारीको नियमित सेवनले स्वास्थ्यमा पार्न सक्ने असर, तरकारीमा विषादीको अवशेष रहने जोखिम तथा सुरक्षित खाद्य उत्पादनको आवश्यकताबारे स्थानीयलाई सचेत गराइएको थियो।
कार्यक्रममा प्राकृतिक तथा विषादीरहित तरकारी खेतीतर्फ किसानलाई प्रोत्साहित गरिएको थियो । रासायनिक विषादीको प्रयोग घटाउँदै प्राकृतिक विधिबाट तरकारी उत्पादन गर्दा माटोको उर्वराशक्ति कायम राख्न, वातावरण संरक्षण गर्न तथा उपभोक्तालाई सुरक्षित खाद्य वस्तु उपलब्ध गराउन सहयोग पुग्ने जानकारी दिइएको थियो।
सडक नाटक स्थानीयस्तरमा सहज रूपमा बुझिने शैलीमा प्रस्तुत गरिएकाले किसान तथा उपभोक्तालाई सुरक्षित तरकारी उत्पादन र उपभोगका विषयमा जानकारी लिन सहज भएको आयोजकले जनाएको छ।
कार्यक्रममार्फत किसानलाई उत्पादनमा सुरक्षित विधि अपनाउन र उपभोक्तालाई तरकारी खरिद तथा उपभोग गर्दा सुरक्षित खाद्य वस्तुको प्रयोगमा ध्यान दिन आग्रह गरिएको थियो।

# जानकी आँखा अस्पतालको व्यवस्थापन जिम्मेवारी धनुषा तदर्थ समितिलाई

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले जनकपुरधामस्थित जानकी आँखा अस्पतालको अल्पकालीन व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी धनुषा जिल्ला तदर्थ समितिलाई दिएको छ।
रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले धनुषा जिल्ला तदर्थ समितिका सभापति पंकज कुमार महतोलाई पत्र पठाउँदै अर्को व्यवस्था नभएसम्मका लागि अस्पतालको व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी दिइएको जानकारी गराएका हुन्।
बुधबार पठाइएको पत्रमा अस्पतालको व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित र प्रभावकारी रूपमा निरन्तरता दिन छोटो अवधिको अन्तरिम व्यवस्थाका रूपमा जिल्ला तदर्थ समितिलाई जिम्मेवारी दिइएको उल्लेख छ।
अस्पतालको व्यवस्थापन तथा आवश्यक समन्वयका काम गर्दा केन्द्रीय कार्यालयसँग प्रत्यक्ष समन्वय र आवश्यक परामर्श गर्न पत्रमार्फत निर्देशन दिइएको छ।
अस्पतालको सेवा प्रवाहमा अवरोध आउन नदिई नियमित सेवा सञ्चालन गर्न तथा रेडक्रस सोसाइटीको नीति, नियम र प्रचलित व्यवस्था अनुसार काम गर्नसमेत भनिएको छ।

# जसपा नेपालका केन्द्रीय सदस्य बलराम महतोले दिए राजीनामा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य बलराम महतोले पार्टीको साधारण सदस्यसहित आफूले सम्हाल्दै आएको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएका छन् । पार्टी अध्यक्षलाई सम्बोधन गर्दै बुझाएको राजीनामा पत्रमा महतोले लामो समयदेखि पार्टीप्रति राख्दै आएको राजनीतिक आस्था, प्रतिबद्धता र योगदानलाई सम्मानका साथ स्मरण गर्दै पार्टीबाट अलग हुने निर्णय गरेको उल्लेख गरेका छन्।
पछिल्लो समय आफ्नो निर्माण व्यवसायमा पुनः सक्रिय हुनुपर्ने अवस्था आएकाले पार्टीको जिम्मेवारीलाई विगतमा जस्तै सक्रिय, प्रभावकारी र निरन्तर रूपमा निर्वाह गर्न कठिन भएको उनले बताएका छन् । महतोले पार्टीबाट अलग हुने निर्णय व्यक्तिगत असन्तुष्टि वा नेतृत्वसँगको विवादका कारण नभएको स्पष्ट पारेका छन्। आफ्नो व्यावसायिक जिम्मेवारी र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने सोचका आधारमा राजीनामा दिएको उनले बताएका छन्।
राजीनामा पत्रमा उनले राजनीति कुनै व्यक्तिले निरन्तर पदमा रहिरहने माध्यम नभई नयाँ पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्दै संगठनलाई गतिशील बनाउने प्रक्रिया भएको उल्लेख गरेका छन् । युवा पुस्ताका सक्षम, ऊर्जाशील र नयाँ सोच भएका व्यक्तिलाई अगाडि बढ्ने अवसर दिनुपर्ने आफ्नो धारणा रहेको महतोले बताएका छन्।
महतोले केन्द्रीय सदस्य पदसहित पार्टीका सबै जिम्मेवारी र साधारण सदस्यबाट समेत राजीनामा दिएको जनाएका छन् । आफ्नो निर्णयलाई नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने स्वाभाविक र स्वेच्छिक निर्णयका रूपमा बुझिदिन उनले पार्टी नेतृत्वसँग आग्रह गरेका छन्।

# महिला प्रहरी र महिला थुनुवाको निःशुल्क स्वास्थ्य परीक्षण

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत महिला प्रहरी तथा प्रहरी हिरासतमा रहेका महिला थुनुवाको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ। सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत प्रभु अस्पताल र जिल्ला प्रहरी कार्यालय पर्साको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको सहकार्यमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिएको हो।
शिविरमा महिलाको स्वास्थ्यलाई केन्द्रमा राख्दै पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरसहित विभिन्न स्त्रीरोगसम्बन्धी समस्या पहिचानका लागि स्वास्थ्य परीक्षण गरिएको थियो । साथै, क्यान्सरका प्रारम्भिक संकेत, समयमै स्वास्थ्य परीक्षण गराउनुपर्ने आवश्यकता र रोगबाट बच्ने उपायबारे सहभागीलाई चिकित्सकीय परामर्शसमेत दिइएको डाक्टर लक्ष्मी थापा गुप्ताले जानकारी दिइन्।
उनका अनुसार प्रहरीको जिम्मेवारी प्रकृतिका कारण महिला प्रहरीहरू चौबिसै घण्टा कार्यक्षेत्रमा व्यस्त रहनुपर्ने अवस्था हुन्छ। समाजको शान्ति सुरक्षा कायम गर्न निरन्तर खटिनुपर्ने भएकाले उनीहरूलाई आफ्नै स्वास्थ्य परीक्षणका लागि पर्याप्त समय निकाल्न कठिन हुने अवस्थालाई ध्यानमा राखेर कार्यक्षेत्रमै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको हो।
महिला प्रहरीलाई नियमित स्वास्थ्य परीक्षणप्रति सचेत गराउनुका साथै कार्यक्षेत्रमै सहज रूपमा स्वास्थ्य जाँचको अवसर उपलब्ध गराउनु यस्ता कार्यक्रमको मुख्य उद्देश्य रहेको डा. गुप्ताले बताइन् । स्वास्थ्य परीक्षणका क्रममा प्रभु अस्पतालकी नर्सिङ निर्देशक सरिता रम्तेल, प्राविधिक सन्जित साह र फार्मेसिस्ट मिखा श्रेष्ठसहितको टोलीले प्रत्यक्ष स्वास्थ्य सेवा प्रदान गरेको थियो। दिलीपराज कार्कीको संयोजनमा सम्पन्न शिविरमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईको समेत उपस्थिति रहेको थियो।

# सामाजिक सञ्जालको दुरूपयोग...

सञ्जाल र आमसञ्चार माध्यममा गलत तथा भ्रामक सूचना प्रसारण हुने प्रवृत्तिलाई सम्बोधन गर्ने गरी आमसञ्चार विधेयक, मेडिया काउन्सिललगायत विधेयक तर्जुमाको तयारी भइरहेको बताए । ती विधेयक छिट्टै सदनमा प्रस्तुत गरिने उनले जानकारी दिए । 'आमसञ्चार माध्यमहरूमा गलत, भ्रामक सूचनाहरू सम्प्रेषण हुने प्रवृत्तिलाई समेत मध्यनजर गरेर कानुनी प्रावधानहरू विधेयकमा समायोजन गरिएको छ। सामाजिक सञ्जाललाई थप व्यवस्थित र नियमन गर्न छुट्टै कानुनी व्यवस्था गर्ने मन्त्रालयले तयारी गरिरहेको छ,' सञ्चारमन्त्री तिमिल्सिनाले भने।
अनलाइन तथा सामाजिक सञ्जालमा फैलिने भ्रामक र असत्य सूचनालाई व्यवस्थित तथा नियमन गर्न कानुनी एवं नीतिगत सुधारका लागि मन्त्रालयले काम गरिरहेको उनको भनाइ छ । उनले प्रेस काउन्सिल नेपाललाई थप अधिकार र जिम्मेवारीसहित बलियो बनाउने उद्देश्यले प्रेस काउन्सिल विधेयक तयार पारिएको र विधेयकले कानुनी स्वरूप पाएपछि आचारसंहिता कार्यान्वयन तथा पत्रकारितालाई मर्यादित, व्यवस्थित र व्यावसायिक बनाउन काउन्सिलले थप प्रभावकारी भूमिका निर्वाह गर्ने सरकारको अपेक्षा रहेको बताए।
सञ्चारमन्त्री डा. तिमिल्सिनाले साइबर ठगी नियन्त्रणका लागि सञ्चार मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरीको साइबर ब्युरो, नेपाल दूरसञ्चार प्राधिकरणलगायत सम्बन्धित निकायबीच समन्वय र सहकार्य भइरहेको पनि सदनलाई जानकारी गराए । अनलाइन बेटिङ साइट तथा एप नियन्त्रणका लागि नेपाल दूरसञ्चार प्राधिकरणमार्फत हालसम्म तीन लाख पाँच हजारभन्दा बढी युनिक बेटिङ साइट तथा नयाँ बेटिङ एप पहिचान गरी बन्द गर्ने काम भएको पनि सञ्चारमन्त्री डा तिमिल्सिनाले बताए।
सामाजिक सञ्जालमा फेक अकाउन्ट बनाएर चरित्र हत्या गर्ने, झुठा सूचना फैलाउने तथा भ्रम सिर्जना गर्ने गतिविधिलाई कानुनी दायरामा ल्याउने विषयमा पनि सरकार गम्भीर रहेको उनले स्पष्ट पारे। चरित्र हत्यासँग सम्बन्धित उजुरीमाथि नेपाल प्रहरीको साइबर ब्युरो र साइबर सुरक्षा केन्द्रमार्फत आवश्यक कारबाही भइरहेको उनले जानकारी दिए।
सञ्चारमन्त्री डा. तिमिल्सिनाले संविधानको धारा २८ ले सुनिश्चित गरेको नागरिकको गोपनीयताको हक संरक्षण गर्न सरकार प्रतिबद्ध रहेकोसमेत उल्लेख गरे। कसैको व्यक्तिगत जीवनमा आघात पुग्ने गरी अनधिकृत रूपमा भिडियो वा तस्बिर खिचेर सार्वजनिक गर्ने कार्य कानुनविपरीत हुने उल्लेख गर्दै उनले यस्ता घटनामा गृह मन्त्रालय तथा सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरी दोषीलाई कानुनी दायरामा ल्याइने स्पष्ट पारे।
त्यसैगरी सञ्चारमन्त्री डा. तिमिल्सिनाले बालबालिकालाई सामाजिक सञ्जालको नकारात्मक प्रभावबाट जोगाउने विषयमा समेत सरकार गम्भीर रहेको बताए । सामाजिक सञ्जालको जथाभावी प्रयोगका कारण समाजमा देखिएको अराजकता, पारिवारिक विखण्डन तथा बालबालिकामा देखिन सक्ने नकारात्मक प्रभावबारे सदनमा उठेका प्रश्नप्रति मन्त्रालयको ध्यानाकर्षण भएको उनको भनाइ छ।
विभिन्न मुलुकले बालबालिकालाई सामाजिक सञ्जालको प्रयोगबाट जोगाउन अवलम्बन गरेका उमेरगत प्रतिबन्ध तथा नियामकीय मापदण्डका असल अभ्यास अध्ययन गरी नेपालको सन्दर्भमा आवश्यक नीति तथा व्यवस्था अघि बढाउने उनले बताए।

# कतारमा १२ घण्टा श्रम...

रकममा बैंकबाट केही ऋण थपेर उनले जग्गा खरिद गरी घर निर्माण गरेका थिए । त्यसपछि बाँकी स्रोतलाई आफ्नै गाउँमा व्यवसाय सञ्चालनमा लगानी गरेका हुन्।
उनको सेलर मिलमा धान, गहुँ, मकै, तेलहन र दालहनलगायत कृषि उत्पादनसँग सम्बन्धित सामग्रीको कारोबारसमेत हुने गरेको छ । व्यवसायलाई सुरक्षित राख्न पसलमा सीसीटीभी क्यामेराको व्यवस्था गरिएको छ। मियाँ विवाहित हुन्। उनका एक छोरा र दुई छोरी छन् । आमाबुबा, भाइ तथा परिवारका अन्य सदस्यसहित करिब १७ जनाको संयुक्त परिवारमा बस्दै आएका उनी अहिले परिवारकै बीचमा रहेर व्यवसाय सञ्चालन गरिरहेका छन्।
विदेशमा बिताएको समय सम्झिँदै मियाँले परदेशमा राम्रो आम्दानी भए पनि परिवारबाट टाढिनुपर्ने बाध्यता रहेको बताए। अहिले आफ्नै गाउँमा बसेर व्यवसाय सञ्चालन गर्न पाउँदा आफूलाई बढी सन्तुष्टि मिलेको उनको भनाइ छ । 'विदेशमा १२ घण्टा काम गर्नुभन्दा आफ्नै घरमा बसेर ८ घण्टा मेहनत गरी आफ्नै व्यवसाय सञ्चालन गर्नु राम्रो रहेछ,' मियाँले भने।
उनका अनुसार विदेशमा कमाएको पूँजीसँगै त्यहाँबाट प्राप्त सीप र अनुभवलाई स्वदेशमै प्रयोग गर्न सके आफ्नै ठाउँमा आयआर्जनको अवसर सिर्जना गर्न सकिन्छ । 'विदेशमा पाँच वर्ष बसेर फर्किएँ। अहिले आफ्नै देशमा आफ्नै व्यवसाय गरेर काम गर्दा बढी सन्तुष्टि मिलेको छ,' उनले भने।
वैदेशिक रोजगारीबाट फर्किएर गाउँमै व्यवसाय सुरु गरेका मियाँको अनुभवले विदेशबाट फर्किएका युवाका लागि स्वदेशमै उद्यम गर्ने सम्भावना देखाएको छ । विदेशमा श्रम र समय खर्च गरेर आर्जन गरेको सीप, अनुभव र पूँजीलाई आफ्नै ठाउँमा लगानी गर्न सके रोजगारीको खोजीमा पुनः विदेशिनुपर्ने बाध्यता कम गर्न सकिने उनको यात्राले देखाएको छ।

# गुठीको लापरबाहीले संस्कृत विद्यालयको...

कागजात र प्रक्रिया पूरा गर्न विद्यालयले पहल गर्दै आएको भए पनि सम्बन्धित निकायबीचको पत्राचार र प्रक्रियागत अल्झनका कारण जग्गाको स्वामित्वसम्बन्धी समस्या समाधान हुन नसकेको उनले बताए । लालपुर्जा नहुँदा संघीय सरकारबाट प्राप्त हुने ६ करोड रुपैयाँ बजेटसमेत प्रभावित हुने अवस्था आएको प्रधानाध्यापक झाले बताए। उक्त बजेटबाट विद्यालयको भौतिक संरचना निर्माण गर्ने तयारी भए पनि जग्गाको स्वामित्व खुल्ने कागजात आवश्यक पर्ने भएकाले निर्माण प्रक्रिया रोकिएको उनको भनाइ छ। बजेट प्राप्त गरेका अन्य विद्यालयमा भौतिक संरचना निर्माणका लागि टेण्डरसमेत भइसकेको अवस्थामा याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयको भने लालपुर्जासम्बन्धी प्रक्रिया नटुंगिँदा टेण्डर अघि बढ्न नसकेको उनले बताए।
प्रधानाध्यापक झाले गुठी संस्थानले विद्यालयमा अध्ययनरत ६५ जना बटुकलाई खाना उपलब्ध गराउने जिम्मेवारीसमेत लिएको तर त्यसअनुसार पर्याप्त बजेट उपलब्ध नगराएको आरोप लगाए। ६५ जना बटुकलाई पुग्ने र गुणस्तरीय खाना उपलब्ध गराउन आवश्यक बजेट दिनुपर्ने भए पनि गुठीले पर्याप्त बजेट नदिएको उनको भनाइ छ।
जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले गुठी संस्थानको हेलचक्र्याइँका कारण विद्यालयले प्राप्त गर्ने बजेट गुम्ने अवस्था आउनु दुःखद भएको बताए । पुराना श्रेष्तामा उक्त जग्गाको स्वामित्व विद्यालयकै नाममा रहेको देखिए पनि गुठीले विद्यालयलाई लालपुर्जा उपलब्ध गराउने प्रक्रिया अघि बढाउन नसकेको उनको भनाइ छ।
साहले शिक्षा क्षेत्रसँग जोडिएको विषयमा समेत गुठी संस्थानले आवश्यक सहजीकरण नगरेको आरोप लगाए। लामो समयदेखि जग्गाको स्वामित्वसम्बन्धी समस्या समाधान हुन नसक्दा विद्यालयको भौतिक पूर्वाधार निर्माण प्रभावित भएको उनले बताए। याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयमा २ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । संघीय सरकारबाट विद्यालयको भौतिक संरचना निर्माणका लागि उपलब्ध हुन लागेको ६ करोड रुपैयाँ बजेट कार्यान्वयन गर्न जग्गाको स्वामित्वसम्बन्धी कागजात आवश्यक पर्ने भएकाले लालपुर्जाको विषय तत्काल टुंग्याउनुपर्ने विद्यालयको माग छ।

# बीपी पार्क यही वर्षभित्र सञ्चालन...

संरक्षणलाई समेत प्राथमिकतामा राख्ने जनाएको छ । भोजपुरी भाषा, संस्कृति, साहित्य तथा कलाको संरक्षण र प्रवद्र्धनका लागि भोजपुरी प्रतिष्ठानसहित सम्बन्धित क्षेत्रका विभिन्न संस्था तथा व्यक्तिको सक्रियतामा प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गरिने सिंहले बताए।
नगरवासीको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यलाई लक्षित गर्दै आधारभूत स्वास्थ्य केन्द्र, योग शिविर, ध्यान केन्द्र, आरोग्य केन्द्र, खुला व्यायामशाला तथा मनोरञ्जन स्थल र पार्कलाई थप व्यवस्थित र प्रभावकारी बनाउने योजना पनि महानगरले अघि सारेको छ।

# स्वास्थ्य क्षेत्र सुधारको १५ दिने अल्टिमेटम...

बनाउने सञ्जालले जनाएको छ। स्वास्थ्य क्षेत्रसँग जोडिएका विषय नागरिकको स्वास्थ्य अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेकाले यसलाई सामान्य प्रशासनिक विषयका रूपमा नलिन सञ्जालले सरकारलाई आग्रह गरेको छ।
यसअघि सञ्जालले प्रादेशिक अस्पताल जनकपुरधाममा नवजात शिशुको मृत्यु, राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा आर्थिक अभावका कारण सुत्केरी महिला अस्पतालबाहिरै सुत्केरी हुनुपरेको भनिएको घटना तथा जनकपुरधामस्थित मुस्कान अस्पतालमा पित्तथैलीको शल्यक्रियापछि बिरामीको मृत्यु भएको भनिएको घटनाप्रति ध्यानाकर्षण गराएको थियो।
यी घटनासहित प्रदेशभर स्वास्थ्य क्षेत्रमा देखिएका समस्या र विकृतिको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न तथा दोषी देखिए कानुनअनुसार कारबाही गर्न सञ्जालले माग गरेको छ।
सञ्जालले गरिब, विपन्न, असहाय, गर्भवती, सुत्केरी तथा आकस्मिक बिरामी आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुन नपाउने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने जनाएको छ।
स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्डअनुसार लक्षित वर्गका लागि छुट्याइएको १० प्रतिशत निःशुल्क शय्या तथा उपचार सेवा वास्तविक सेवाग्राहीले पाउने गरी लागू गर्नुपर्ने उसको माग छ।
प्रदेशभर सञ्चालित अस्पताल, क्लिनिक, नर्सिङ होमलगायत स्वास्थ्य संस्थाको दर्ता, अनुमति, नवीकरण, पूर्वाधार, उपकरण र जनशक्तिको पुनः अनुगमन गर्नुपर्ने तथा मापदण्ड पूरा नगरी वा अनुमति नलिई सञ्चालनमा रहेका संस्थामाथि कानुनी कारबाही गर्नुपर्ने सञ्जालले जनाएको छ।
त्यस्तै, नियमित, आकस्मिक तथा जोखिममा आधारित स्वास्थ्य संस्था अनुगमनका लागि प्रभावकारी संयन्त्र बनाउन, अनुगमन प्रतिवेदन र त्यसका आधारमा भएका कारबाही सार्वजनिक गर्न, चिकित्सकीय लापरवाही वा उपचारका क्रममा गम्भीर घटना भए अनिवार्य छानबिन गरी दोषीलाई जवाफदेही बनाउनुपर्ने माग सञ्जालले अघि सारेको छ।
बिरामीमाथि हुने अनावश्यक परीक्षण, बढी शुल्क असुली, कमिसन तथा अनावश्यक औषधि र उपचारका नाममा हुने आर्थिक ठगी नियन्त्रण गर्न र अस्पताल तथा स्वास्थ्य संस्थाले स्वीकृत शुल्कदर सार्वजनिक गर्नुपर्ने मागसमेत सञ्जालको छ।
अस्पतालमा सरसफाइ, शौचालय, खानेपानी, संक्रमण नियन्त्रण तथा मेडिकल फोहोर व्यवस्थापनका न्यूनतम मापदण्ड कडाइका साथ लागू गर्नुपर्ने सञ्जालले जनाएको छ।

# ३ करोड ५० लाखको भीभीआईपी गाडी खरिद प्रक्रिया मधेश सरकारले रोक्यो

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले अति विशिष्ट व्यक्ति (भीभीआईपी) को प्रयोजनका लागि करिब ३ करोड ५० लाख रुपैयाँमा विलासी चारपाङ्ग्रे सवारीसाधन खरिद गर्ने प्रक्रिया स्थगित गरेको छ । सवारीसाधन खरिदको निर्णयको चौतर्फी आलोचना भएपछि प्रदेश सरकारले बोलपत्र प्रक्रिया अघि नबढाउने निर्णय गरेको हो।




श्रम तथा यातायात मन्त्रालयले गत भदौ २५ गते भीभीआईपी प्रयोजनका लागि ३ करोड ५० लाख रुपैयाँ लागत अनुमानको सवारीसाधन खरिद गर्न बोलपत्र आह्वान गरेको थियो। आर्थिक दबाबमा रहेको प्रदेश सरकारले एउटै गाडी खरिदमा साढे तीन करोड रुपैयाँ खर्च गर्न लागेको भन्दै यसको औचित्यमाथि प्रश्न उठेको थियो । श्रम तथा यातायातमन्त्री शारदादेवी थापाका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशनमा सवारीसाधन खरिद प्रक्रिया अघि बढाइएको थियो। तर, अहिलेको परिस्थितिमा भीभीआईपीको आवागमनका लागि महँगो गाडी खरिद गर्न आवश्यक नरहेको भन्दै प्रक्रिया रोकिएको हो।

मन्त्री थापाले बोलपत्र आह्वान हुनुअघि आफूलाई सवारीसाधन खरिदबारे पूर्वजानकारी नभएको दाबी गरिन्। खरिदको औचित्यमाथि प्रश्न उठेपछि मन्त्रालयका सचिवसँग जानकारी लिएर प्रक्रिया अघि नबढाउने निर्णय गरिएको उनले बताइन् । 'मुख्यमन्त्री कार्यालयको निर्देशनअनुसार भीभीआईपीका लागि सवारीसाधन खरिद गर्न टेन्डर आह्वान गरिएको थियो । तर, अहिलेको परिस्थितिमा गाडी किन्नु कति जायज हुन्छ भन्ने प्रश्न विभिन्न ठाउँबाट उठ्यो,' मन्त्री थापाले भनिन्, 'तत्काल त्यस्ता भीभीआईपी आउने सम्भावना पनि नरहेकाले यसको आवश्यकता देखिएन। त्यसैले बोलपत्र आह्वान भए पनि अब प्रक्रिया अघि नबढ्ने गरी रोकिएको हो।'

प्रदेश सरकारले चालु आर्थिक वर्षमा सरकारी खर्च नियन्त्रण गर्ने नीति लिएको छ । बजेट कार्यान्वयनसम्बन्धी निर्देशिकामार्फत अर्थ मन्त्रालयले विभिन्न ४४ शीर्षकमा २० देखि ७५ प्रतिशतसम्म खर्च कटौती गरेको छ। निर्देशिकामा सवारीसाधन तथा मेसिनरी औजार खरिद वा भाडामा लिने खर्चमा शतप्रतिशत रोक लगाइएको छ। त्यस्तै, भत्ता, सञ्चार शुल्क तथा विशिष्ट व्यक्ति र प्रतिनिधिमण्डलको भ्रमण खर्चमा २० प्रतिशत कटौती गरिएको छ। तालिम तथा गोष्ठी, सशर्त अनुदान, वन तथा वातावरण संरक्षण र भैपरी आउने खर्चमा ५० प्रतिशत तथा पुँजीगत अनुसन्धान र परामर्श खर्चमा ७५ प्रतिशतसम्म खर्च कटौती गरिएको छ।

यस्तो खर्च नियन्त्रणको नीति कार्यान्वयनमा रहेकै बेला भीभीआईपीका लागि भन्दै ३ करोड ५० लाख रुपैयाँको गाडी खरिद गर्न बोलपत्र आह्वान गरिएपछि सरकारी खर्चको प्राथमिकतामाथि प्रश्न उठेको थियो। प्रदेशको आम्दानीका स्रोत सीमित रहेको र विकास तथा प्रशासनिक खर्चमा समेत नियन्त्रण गरिएको अवस्थामा एउटै सवारीसाधनमा साढे तीन करोड रुपैयाँ खर्च गर्न खोजिएको भन्दै प्रदेशसभा सदस्यलगायतबाट आलोचना भएको थियो । प्रदेशको खर्चसम्बन्धी निर्देशिकामा मुख्यमन्त्रीका लागि समेत करिब डेढ करोड रुपैयाँसम्मको सवारीसाधन खरिद गर्न सकिने व्यवस्था रहेको बताइएको छ । तर, भीभीआईपी प्रयोजनका लागि त्यसको तुलनामा दोब्बरभन्दा बढी लागतको गाडी खरिद गर्न खोजिएपछि निर्णय थप विवादमा परेको थियो । बोलपत्र स्थगित भएसँगै तत्कालका लागि उक्त सवारीसाधन खरिद हुने प्रक्रिया रोकिएको छ । तर, आफ्नै खर्च नियन्त्रण नीतिबीच महँगो भीभीआईपी गाडी खरिदको प्रक्रिया कसरी अघि बढ्यो भन्ने विषय भने चर्चामा छ।

# ९ महिनादेखि श्रमिकले तलब नपाएको भन्दै सरकारलाई ध्यनाकर्षण



**मधेशदृष्टि**
**वीरगंज।**
प्रतिनिधिसभा सदस्य बुद्धिप्रसाद (हरि) पन्तले परवानिपुरको हिमाल आइरन एन्ड स्टिल उद्योगको सयौं श्रमिकहरूलाई ९ महिनादेखि तलब नदिएको भन्दै बुधवार सदनको ध्यानाकर्षण गराएका छन्।

उनले श्रमिकहरुले करीब अढाई करोड भन्दा बढी पारिश्रमिक नपाएको भन्दै दशैको मुखमा यथाशीघ्र तलब भुक्तानीका लागि समन्वय एवं सहजीकरणको पहल गरिदिन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए।

पर्सा क्षेत्र नं. १ का सांसद तथा रास्वपा सभापति समेत रहेका पन्तले कुनै समय हजारौं श्रमिकहरूलाई रोजगारी दिने ज्योति समूहको यो ब्यापारिक प्रतिष्ठान अहिले १५० जना श्रमिकको समेत ज्याला दिन नसक्ने दयनीय अवस्थामा पुग्नुको मुख्य कारण के हो ? भनी सोधखोजसमेत गरेका छन्।

पछिल्ला सरकारहरूको गलत आर्थिक एवं बैंकिङ लगानी नीतिकै कारण निम्तिएका यस्ता औद्योगिक संकटको गम्भीर समिक्षा गर्दै त्यस्ता संकटग्रस्त उद्योगहरूलाइ उकास्न विशेष आर्थिक नीति ल्याइ मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन सांसद पन्तले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्।

# मलको ओइरोले भरिए वीरगंजका गोदाम, थप भण्डारणका लागि गोदाम भाडामा



**मधेशदृष्टि**
**वीरगंज।**
भारतबाट जिटुजी प्रक्रियामार्फत ठूलो परिमाणमा रासायनिक मल नेपाल भित्रिन थालेपछि वीरगंजस्थित कृषि सामग्री कम्पनी मधेश प्रादेशिक कार्यालयलाई मल व्यवस्थापन गर्नै समस्या परेको छ । पछिल्लो तीन सातादेखि निरन्तर युरिया र डिएपी आउन थालेपछि कार्यालयअन्तर्गतका सबै गोदाम भरिएका छन्। गोदाममा ठाउँ अभाव भएपछि कम्पनीले गण्डक नहर पश्चिमतर्फ थप एउटा गोदाम भाडामा लिएर मल राख्न थालेको छ। आफ्ना सबै भण्डारणस्थल भरिएपछि बाध्य भएर वैकल्पिक व्यवस्था गर्नुपरेको कम्पनीले जनाएको छ।

कार्यालयका निमित्त प्रमुख दिनेश शर्माका अनुसार वीरगंजस्थित कार्यालय परिसरको गोदाम, भुटनदेवीस्थित गोदाम र नेसनल ट्रेडिङको गोदाम भाडामा लिएर यसअघि नै मल भण्डारण हुँदै आएको थियो। ती सबै गोदाम भरिएपछि थप मल व्यवस्थापनका लागि गण्डक नहर पश्चिमतर्फको गोदाम भाडामा लिइएको हो । 'हाम्रा सबै गोदाम भरिइसकेका छन् । थप मल पनि निरन्तर आइरहेकाले गण्डक नहर पश्चिम एउटा गोदाम भाडामा लिएर भण्डारणको व्यवस्था गरेका छौं,' शर्माले भने।

सरकारले जिटुजी सम्झौताअन्तर्गत भारतबाट ३० हजार टन युरिया खरिद गरेको छ। उक्त परिमाणमध्ये २ हजार ६ सय ५४ टन युरिया वीरगंजस्थित कृषि सामग्री कम्पनीका गोदाममा आइसकेको छ। कुल खरिद गरिएको युरियामध्ये ११ हजार ५ सय टन वीरगंज प्रादेशिक कार्यालयका लागि छुट्याइएको छ। बाँकी युरिया भैरहवा र विराटनगर प्रादेशिक कार्यालयका लागि छुट्याइएको कम्पनीले जनाएको छ । भैरहवा कार्यालयका लागि तोकिएको मलसमेत वीरगंज नाकाबाटै नेपाल ल्याइँदै छ। वीरगंज नाकाबाट भित्रिएको मल सम्बन्धित प्रादेशिक कार्यालयमा पठाउने व्यवस्था गरिएको छ।

त्यसैगरी, भारतबाट जिटुजी प्रक्रियामार्फत २० हजार टन डिएपी खरिद गरिएको छ। त्यसमध्ये ४ हजार ९ सय ७७ टन डिएपी वीरगंजमा भण्डारण भइसकेको निमित्त प्रमुख शर्माले जानकारी दिए । खरिद गरिएको डिएपीमध्ये ७ हजार ६ सय टन वीरगंज प्रादेशिक कार्यालयका लागि छुट्याइएको छ भने बाँकी भैरहवा र विराटनगरका लागि हो।

जिटुजी प्रक्रियाबाट पछिल्लो समय भित्रिएको मलसमेत जोड्दा वीरगंजस्थित कम्पनीका गोदाममा अहिले १५ हजार ७ सय टन युरिया, ८ हजार ९ सय ६४ टन डिएपी र ३ हजार ४ सय ७१ टन पोटास मौज्दात रहेको छ । कम्पनीका अनुसार मौज्दातमा रहेको र आगामी दिनमा थप भित्रिने मल हिउँदे बालीका लागि वितरण गरिनेछ । विशेषगरी गहुँ तथा तेलहन बालीका लागि मलको आवश्यकता पर्ने भएकाले अहिले भित्रिएको मल सोहीअनुसार वितरणको तयारी गरिएको शर्माले बताए।

धान बालीको सिजन सकिएकाले हाल युरिया र डिएपीको माग नरहेको कम्पनीको भनाइ छ। त्यसैले अहिले ठूलो परिमाणमा भित्रिरहेको मल आगामी हिउँदे बालीका लागि उपयोग हुने जनाइएको छ।

# आशाराम अस्पतालका कर्मचारीको पारिश्रमिक रोकियो, व्यवस्थापनविरुद्ध आन्दोलन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज–८ पानीटंकीस्थित आशाराम अस्पतालमा कार्यरत कर्मचारीहरूले लामो समयदेखि आफूहरूले काम गरेको पारिश्रमिक नपाएको भन्दै व्यवस्थापनविरुद्ध विरोध जनाएका छन्। अस्पतालमा कार्यरत करिब ३० देखि ४० जना कर्मचारीको तलब तथा अन्य पारिश्रमिक रोकिएको उनीहरूको भनाइ छ । आफ्नो श्रमको पारिश्रमिक माग गर्दा समेत व्यवस्थापन पक्षबाट स्पष्ट र जिम्मेवार जवाफ नपाएको कर्मचारीहरूले बताएका छन् । अस्पतालका इन्चार्ज रोशन महताका अनुसार तलब भुक्तानीबारे कुरा गर्दा व्यवस्थापन पक्षले 'कानुनी बाटो खोज्नुहोस्, अदालत जानुहोस्, हामी पैसा दिँदैनौँ' भन्ने आशयको जवाफ दिएको थियो।




पारिश्रमिक भुक्तानीको विषयमा व्यवस्थापनसँग पटक–पटक कुरा गर्दा पनि समाधान ननिस्किएपछि कर्मचारीहरू मंगलबार सामूहिक रूपमा विरोधमा उत्रिएका हुन्। आन्दोलनका क्रममा उनीहरूले केही समय अस्पतालको मुख्य प्रवेशद्वार बन्द गर्नुका साथै तालाबन्दीसमेत गरेका थिए । कर्मचारीहरूले आफूहरूले काम गरेको अवधिको सम्पूर्ण तलब र बाँकी पारिश्रमिक तत्काल उपलब्ध गराउनुपर्ने माग अघि सारेका छन् । अस्पतालको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी अर्को पक्षलाई हस्तान्तरण गर्ने प्रक्रिया चलिरहेका बेला आफ्नो रोजगारीसँगै यसअघि काम गरेको पारिश्रमिकसमेत अन्योलमा परेको कर्मचारी बुलट तिवारीले बताए। व्यवस्थापन परिवर्तन हुँदैमा कर्मचारीको बाँकी पारिश्रमिकको दायित्वबाट सम्बन्धित पक्ष पन्छिन नहुने कर्मचारीहरूको भनाइ छ । आफूहरूले गरेको कामको तलब तथा अन्य बाँकी रकम कसले र कुन प्रक्रियाबाट भुक्तानी गर्ने भन्ने विषयमा स्पष्ट व्यवस्था हुनुपर्ने उनीहरूको माग छ।

अस्पताल सञ्चालनको जिम्मेवारी जुनसुकै पक्षमा गए पनि विगतमा कर्मचारीले गरेको श्रमको पारिश्रमिक सुनिश्चित हुनुपर्ने उनीहरूले बताएका छन् । श्रम गरेबापत पाउनुपर्ने रकमका लागि आफूहरू निरन्तर दबाब दिने कर्मचारीहरूको भनाइ छ।

समस्या समाधानका लागि अस्पताल व्यवस्थापनबाट ठोस पहल नभएपछि कर्मचारीहरूले जिल्ला प्रशासन कार्यालय पर्सा र श्रम कार्यालयमा निवेदन दर्ता गर्ने तयारी गरेका छन् । आफूहरूले गरेको श्रमको उचित पारिश्रमिक पाउने व्यवस्था मिलाउन सम्बन्धित सरकारी निकायले तत्काल पहल गर्नुपर्ने उनीहरूको माग छ।

# बीपी पार्क यही वर्षभित्र सञ्चालनमा ल्याउने मेयर सिंहको घोषणा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले घण्टाघरनजिक निर्माणाधीन बीपी पार्क यही आर्थिक वर्षभित्र सञ्चालनमा ल्याउने घोषणा गरेका छन् । महानगरपालिकाको २१औँ विशेष नगरसभामा चालू आर्थिक वर्षको संशोधित बजेट प्रस्तुत गर्दै उनले पार्कलाई व्यवस्थित, सुरक्षित र पर्यटकीय आकर्षणको केन्द्रका रूपमा विकास गरेर सञ्चालनमा ल्याइने बताएका हुन्।



मेयर सिंहका अनुसार निर्माणाधीन बीपी उद्यानमा वाक–वे, बाल उद्यान, ज्येष्ठ नागरिकका लागि विश्राम केन्द्र तथा पर्याप्त हरियाली विस्तार गरिनेछ । पार्कलाई सुरक्षित र प्रविधिमैत्री बनाउँदै वीरगंजको प्रमुख आकर्षणका रूपमा विकास गर्ने महानगरको योजना रहेको उनले बताए । नगरवासीको आवागमन सहज बनाउन निजी क्षेत्रसँग सहकार्य गरेर वीरगंज महानगर क्षेत्रमा नगर बस सेवा सञ्चालन गर्ने तयारीसमेत रहेको सिंहले जानकारी दिए।

त्यसैगरी, महानगरलाई रातिको समयमा समेत सुरक्षित र आकर्षक बनाउने उद्देश्यले सञ्चालन हुँदै आएको 'उज्यालो वीरगंज' अभियानलाई थप प्रभावकारी बनाइने उनले बताए। मुख्य सडक, चोक तथा भित्री बस्तीमा स्मार्ट एलइडी र हाइमास्ट बत्ती थप जडान गर्दै महानगरको कुनै पनि क्षेत्र अन्धकारमा नरहने गरी काम अघि बढाइने उनको भनाइ छ। वीरगंजलाई स्वच्छ, हरित, सभ्य र जीवन्त शहरका रूपमा विकास गर्न 'स्वच्छ, हरित र वैभव वीरगंज' अभियान सञ्चालन गर्ने योजना पनि महानगरले अघि सारेको छ।

यसअन्तर्गत सडक कोरिडोर तथा डिभाइडरमा हरियाली विस्तार, खुला स्थानमा वातावरणमैत्री पार्क निर्माण, अव्यवस्थित तार तथा होर्डिङ बोर्डको वैज्ञानिक व्यवस्थापन र ऐतिहासिक सम्पदा तथा पोखरीहरूको सौन्दर्यीकरण गरिने मेयर सिंहले बताए।

शैक्षिक क्षेत्रको सुधारका लागि सार्वजनिक विद्यालयमा रहेको दरबन्दी संरचना, विद्यार्थी संख्या र उपलब्ध भौतिक पूर्वाधारबीच आवश्यक तादम्यता कायम गर्ने नीति लिइने उनले जानकारी दिए। महानगरले स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको

बाँकी पृष्ठ ३ मा

# कतारमा १२ घण्टा श्रम गरेका मुस्लिम मियाँ अहिले गाउँमै व्यवसायी

**मधेशदृष्टि**
**वीरगंज।**
वैदेशिक रोजगारीका लागि पाँच वर्ष कतारमा पसिना बगाएका पर्साको धोबीनी गाउँपालिका–४ लंगडीका ४० वर्षीय मुस्लिम मियाँ अहिले आफ्नै गाउँमा व्यवसाय गरेर आत्मनिर्भर बन्ने बाटोमा छन् । विदेशमा लामो समय परिवारबाट टाढिएर काम गरेका मियाँले फर्किएपछि स्वदेशमै लगानी गरेर सेलर मिल सञ्चालन गरिरहेका छन्।



सन् २००८ देखि २०१३ सम्म कतारमा रहेका उनले मेनपावर कम्पनीमार्फत पेन्ट पसलमा काम गरेका थिए। त्यहाँ मासिक करिब ३६ हजार रुपैयाँ तलब पाउने मियाँले दैनिक झन्डै १२ घण्टा काम गर्नुपर्थ्यो। वैदेशिक रोजगारीमा जान उनले करिब ६० हजार रुपैयाँ खर्च गरेका थिए । लामो समयसम्म परिवारबाट टाढिएर काम गर्नुपर्ने र कडा श्रम गर्नुपर्ने परिस्थितिले उनलाई विदेशमै भविष्य खोजिरहनुभन्दा आफ्नै गाउँ फर्किएर केही गर्ने सोचतर्फ डोऱ्यायो।

कतारबाट फर्किएपछि उनले २०७५ सालदेखि लंगडीमै सेलर मिल सञ्चालन गर्दै आएका छन्। करिब २० लाख रुपैयाँ लगानीमा सुरु गरिएको उक्त व्यवसायबाट अहिले मासिक करिब ५० हजार रुपैयाँ आम्दानी हुने गरेको मियाँले बताए। वैदेशिक रोजगारीबाट कमाएको

बाँकी पृष्ठ ३ मा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन